# रत्ननगर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
रत्ननगर, चितवन
३ नं. प्रदेश, नेपाल

### TV खरिद सम्बन्धि सिलवन्दी दरभाऊ पत्र आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति २०७४।०९।२०

यस रत्ननगरपालिकाले खरिद गर्न लागेका टि.भी. दरभाऊ पत्र फाराममा उल्लेखित Specification वमोजिम सिलवन्दी दरभाऊको माध्यमबाट खरिद गर्नुपर्ने भएकोले ईच्छुक फर्म वा कम्पनीहरुबाट तपसिलका शर्तहरुको अधिनमा रही रितपूर्वकको दरभाऊपत्र आव्हान गरिएको छ ।

**तपसिलः**

१. दरभाऊपत्र खरिद गर्नको लागि निवेदन साथ यो सूचना प्रकाशित भएको मितिले १५ औं दिनसम्म ईच्छुक फर्म/कम्पनीले व्यवसाय दर्ता प्रमाण पत्र, नविकरण भएको ईजाजत पत्र, मु.अ.कर दर्ता प्रमाणपत्र, स्वघोषणा र आ. व. २०७२।०७३ सम्मको करचुक्ता प्रमाण पत्रको प्रतिलिपी पेश गरी कार्यालय समयमा यस नगरपालिकाको जिन्सी शाखाबाट नगद रु. १,०००।- (एक हजार- फिर्ता नहुने गरी) तिरी प्राप्त गर्न सकिनेछ ।

२. सिलवन्दी दरभाऊपत्र पेश गर्दा कम्तिमा दरभाऊ पत्रको मान्य अवधि दरभाऊ पत्र खोलेको दिनदेखि कम्तिमा ७५ दिनसम्मको म्याद भएको "क" वर्गको वाणिज्य बैंकबाट जारी गरिएको बोलपत्र जमानत -विडवण्ड) संलग्न हुनुपर्नेछ वा यस गरपालिकाको राष्ट्रिय वाणिज्य बैंक, चौविस कोठी, भरतपुरमा रहेको धरौटी खाता नं. १३१०३०४०१८१०३ मा रकम जम्मा गरेको सक्कल भौचर पेश गर्नु पर्नेछ ।

३. सिलवन्दी दरभाऊ प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६ औं दिनको १२:०० बजेभित्र यस नगरपालिकाको जि्न्सी शाखामा दर्ता गराई सक्नु पर्नेछ । दर्ता हुन आएको सिलवन्दी दरभाऊ पत्र फाराम सोही दिन, दिनको २:०० बजे सिलवन्दी दरभाऊ पत्रदाता स्वयं वा निजको प्रतिनिधी वा निजहरु उपस्थित नभएपनि कार्यालयका प्रतिनिधीहरुको रोहवरमा यस नगरपालिकामा खोलिनेछ ।

४. सिलवन्दी दरभाऊ पत्र नं. र समुह खाम वाहिर स्पष्ट उल्लेख गर्नु पर्नेछ ।

५. सिलवन्दी दरभाऊपत्र खरिद गर्ने, दर्ता गर्ने, अन्तिम दिन वा खोल्ने दिन सार्वजनिक विदा परेमा उक्त कार्य विदा पछि कार्यालय खुलेको दिन सोही समयमा गरिनेछ ।

६. सिलवन्दी दरभाऊ पत्रमा दररेट अंक र अक्षर दुवैमा उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिईनेछ ।

७. रित नपुगेको, म्याद नाघी वा शर्त राखी पेश भएको दरभाऊ पत्र उपर कुनै कारवाही हुने छैन ।

८. प्रचलित ऐन, नियम अनुसार लाग्ने सम्पूर्ण कर दरभाऊ पत्रवालाले नै व्यहोर्नु पर्नेछ ।

९. कुनै पनि कारण जनाई वा नजनाई दरभाऊ पत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस नगरपालिकामा निहित हुनेछ ।

१०. स्वीकृत दरभाऊ पत्रवालाले आपूर्ति गर्ने कम्प्यूटर स्वीकृत Specification वमोजिम गुणस्तरयुक्त भए/नभएको निर्क्योल गर्नु परेमा यस नगरपालिकाले तोकेको कर्मचारी/विज्ञबाट जाँचबुझ गराएर मात्र स्वीकार गर्न सक्नेछ ।

११. यस सूचनामा उल्लेख भएका कुराहरु यसै सूचना वमोजिम र अन्य कुराहरुको हकमा दरभाऊ पत्र सम्बन्धि कागजात र सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ तथा अन्य प्रचलित कानुन वमोजिम हुनेछ ।

१२. दरभाऊपत्रमा उल्लेखित परिमाणभन्दा २०% संख्या थप गर्न सकिनेछ ।

१३. यस सम्बन्धि अन्य कुनै जानकारी चाहिएमा कार्यालय समयभित्र यस न. पा. वा आन्तरिक प्रशासन (खरिद) शाखामा सम्पर्क गर्न सकिनेछ ।

| दरभाउ पत्र नं. | सामानको विवरण | दरभाऊपत्रको फाराम दस्तुर | धरौटी रकम |
|---|---|---|---|
| ०३/क/२०७४/०७५ | दरभाऊ पत्रमा उल्लेख भए वमोजिमको Specification मा भएका टि.भी.हरु | रु. १,०००।- | रु. २४,५००।- |

नवराज ढुङ्गाना
प्रमुख प्रशासकिय अधिकृत

फोन नं.: ०५६-५६०५२९, ५६०५०८, फ्याक्सः ०५६-५६२४८७
E-mail: ratna.municipal@gmail.com, website: www.ratnanagarmun.gov.np